नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना

हरिहरभवन, ललितपुर

पत्र संख्या:-२०८३/८४
चलानी नं:-

मिति: २०८३।०५।३०

## जरुरी सूचना।

**विषयः प्राकृतिक विपत्तिका कारण सम्पत्ति विवरण पेस गर्न नसकेका राष्ट्रसेवक कर्मचारीहरूका लागि म्याद थप सम्बन्धी सूचना।**

मिति २०८३।०५।१० गतेको रसुवा– भोटेकोशी बाढीका कारण नेपाल सरकारद्वारा विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको (नेपाल राजपत्र, खण्ड ७६, सङ्ख्या ३०, मिति २०८३ भाद्र ११ गते प्रकाशित) क्षेत्रमा कार्यरत रही राष्ट्रिय किताबखानामा सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी दायित्व भएका, तर तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेस गर्न नसकेका तथा उक्त क्षेत्रमा राहत, उद्धार एवं व्यवस्थापन कार्यका लागि नेपाल सरकारको निर्णय बमोजिम काजमा खटाइएका राष्ट्रसेवक कर्मचारीहरू (निजामती कर्मचारी, नेपाल प्रहरी तथा शिक्षक) का हकमा सम्पत्ति विवरण पेस गर्ने म्याद मिति २०८३।०५।३० गतेदेखि लागु हुने गरी ३० (तीस) दिन, अर्थात् मिति २०८३।०६।२८ गतेसम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

थप गरिएको म्यादभित्र सम्पत्ति विवरण पेस गर्दा उल्लिखित विपद्का कारण निर्धारित समयमै सम्पत्ति विवरण पेस गर्न नसकिएको स्पष्ट व्यहोरा तथा कारण खुलाइएको सम्बन्धित कार्यालय प्रमुखबाट जारी आधिकारिक सिफारिसपत्र अनिवार्य रूपमा संलग्न गरी पेस गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ।

संलग्नः

विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको नेपाल राजपत्रको प्रतिलिपि– १ (एक) प्रति।

…………………..

महानिर्देशक

ठानाः हरिहरभवन, ललितपुर, नेपाल, सम्पर्क फोनः ५०१०१३८, ५४२८९७५, website: www.pis.gov.np, E-mail: info@pis.gov.np

*यस किताबखानासँग पत्राचार गर्दा सम्बन्धित कर्मचारीको संकेत नम्बर अनिवार्य उल्लेख गर्नुहुन अनुरोध छ*